नेपाली महावाणिज्यदूतावास
कोलकाता
CONSULATE GENERAL OF NEPAL
KOLKATA


## प्रेस विज्ञप्ति

## आदिकवि भानुभक्त आचार्यको २१३औँ जन्मजयन्ती कोलकातामा भव्यताका साथ सम्पन्न

नेपाली महावाणिज्यदूतावास, कोलकाताको आयोजनामा आदिकवि भानुभक्त आचार्यको २१३औँ जन्मजयन्ती आज एक विशेष साहित्यिक समीक्षा तथा अन्तरक्रिया कार्यक्रमसहित भव्य रूपमा मनाइएको छ। उक्त अवसरमा कोलकातास्थित प्रवासी नेपाली साहित्यप्रेमी समुदायको उपस्थितिमा आदिकवि भानुभक्त आचार्यको तस्वीरमा माल्यार्पण गरी उहाँको साहित्यिक योगदान र नेपाली भाषा-साहित्यको विकास एवं संरक्षणमा निर्वाह गर्नुभएको ऐतिहासिक भूमिकाबारे चर्चा गरिएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै महावाणिज्यदूत श्री झक्क प्रसाद आचार्यले आदिकवि भानुभक्त आचार्यले नेपाली भाषा र यसको विस्तारमा पुऱ्याउनु भएको अतुलनीय योगदानको स्मरण गर्नुभयो। उहाँले विविध मातृभाषा र संस्कृतिले समृद्ध नेपाली समाजलाई भानुभक्तले एउटै साझा भाषिक सूत्रमा बाँध्ने ऐतिहासिक काम गरेको उल्लेख गर्नुभयो। भानु जयन्ती केवल साहित्यिक उत्सव मात्र नभई विश्वभर छरिएर रहेका नेपालीहरूको साझा पहिचान, नेपाली भाषा, संस्कृति र भावनात्मक सम्बन्धलाई सुदृढ बनाउने अवसर भएको कुरामा उहाँले जोड दिनुभयो।महावाणिज्यदूतज्यूको अध्यक्षतामा संचालन भएको यस कार्यक्रमको विशिष्ट अतिथिको रुपमा अन्तराष्ट्रिय वैश्य सम्मेलनका पश्चिम वंगाल अध्यक्ष श्री सुशील चौधारी रहनु भएको थियो । कार्यक्रममा प्रवासी नेपाली समुदायकोतर्फबाट श्री नारायण हुमागाईले भारतका विभिन्न स्थानमा भानुजयन्ती मनाउने परम्पराको थालनी र हालसम्म यस कार्यमा नेपाली समुदायको भूमिका बारे चर्चा गर्नुभयो । साथै कार्यक्रममा श्री गोपाल भित्रीकोटी र नियोगका उपवाणिज्यदूत श्री सुरेशराज रेग्मीबाट कविता वाचन समेत गरिएको थियो ।

नेपाली महावाणिज्यदूतावास
कोलकाता, भारत
मिति: २०८३ असार २९ गते


भानुजयन्ती २०८३
नेपाली महावाणिज्यदूतावास
कोलकाता
CONSULATE GENERAL OF NEPAL

आदिकवि भानुभक्त आचार्यको २१३ औं जन्मजयन्ती कार्यक्रम
भानुजयन्ती २०८३
नेपाली महावाणिज्यदूतावास
कोलकाता

भानुजयन्ती २०८३

भानुजयन्ती २०८३
CONSULATE GENERAL OF NEPAL

CONSULATE GENERAL OF NEPAL


नेपाली महावाणिज्यदूतावास
कोलकाता
CONSULATE GENERAL OF NEPAL

भानुजयन्ती २०८३
नेपाली महावाणिज्यदूतावास
कोलकाता
CONSULATE GENERAL OF NEPAL